# वाणिज्य मन्त्रालयका सचिव श्री चन्द्र कुमार घिमिरे र नेपालका लागि भारतीय राजदूत महामहिम श्री मन्जीभ सिं पुरीबाट विरगंज सिर्सियास्थित एकिकृत जांच चौकी (Integrated Check Post) को निरीक्षण ।

नेपालको द्विपक्षीय तथा अन्तराष्ट्रिय व्यापार सहजीकरणका लागि यस मन्त्रालय र अन्तर्गत निकायहरुका साथै नेपाल सरकारका अन्य निकायहरुबाट देशका विभिन्न भंसार नाकाहरुमा नेपाल सरकार तथा विभिन्न दातृ निकाय र मित्र राष्ट्रहरुको सहयोगमा पूर्वाधार निर्माण लगायत विभिन्न विषयमा आवश्यकतानुसार कार्यहरु भइरहेका छन । यसै सन्र्दभमा भारत सरकारको सहयोगमा विरगंज सिर्सियामा एकिकृत जांच चौकी (Integrated Check Post) निर्माण भइरहेको छ । नेपाल सरकार र भारत सरकार वीच सन २००५ को अगष्टमा ३ मा उक्त एकिकृत जांच चौकी निर्माण गर्न MoU मा हस्ताक्षर भएअनुसार भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा ICP निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

यसरी भइरहेका कार्यहरुको अनुगमन, निरीक्षण तथा सहजीकरण गर्ने सन्र्दभमा यस मन्त्रालयका सचिव श्री चन्द्र कुमार घिमिरेज्यू, नेपालका लागि भारतीय राजदूत महामहिम श्री मन्जीभ सिं पुरी र नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक श्री लक्ष्मण बहादुर बस्नेत समेतको टोलीले मिति २०७४।६।२९ र ३० गते विरगंज सिर्सियास्थित निर्माणाधिन एकिकृत जांच चौकी (ICP) को स्थलगत निरीक्षण तथा अवलोकन भ्रमण सम्पन्न गरको थियो । यो ICP निर्माण कार्यको शुरुवात सन २०१० को जुलाई देखि भएको र आगामी केही महिना भित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ । यो ICP निमार्ण सम्पन्न भएपछि संचालन र व्यवस्थापनको लागि नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ । नेपाल सरकारको तर्फबाट यसको संचालन र व्यवस्थापन गर्न Custodian को रुपमा नेपाल सरकार, माननीय वाणिज्य मन्त्रीस्तरको मिति २०७३।११।१ को निर्णयानुसार नेपाल इन्टरमोडल यातायात विकास समितिलाई तोकिएको छ ।

उक्त ICP को अनुगमनको क्रममा टोलीले निर्माण कार्यको प्रगति, निर्माण क्रममा देखिएका समस्याहरु र समाधानका विषयमा सम्बन्धित सवै पक्षसंग छलफल तथा अन्तरक्रिया गरेको थियो । अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा महामहिम राजदूत श्री पुरीले यो आयोजना नेपालको अन्तराष्ट्रिय व्यापारलाई सहजीकरण गर्ने उद्देश्यले भारत सरकारको लगानीमा संचालन गरिएको हुंदा यसको अत्युत्तम सदुपयोग गर्न नेपाली पक्षलाई अनुरोध गर्नुभयो । वहांले निर्माण कार्यमा खटिएको भारतीय पक्षलाई छिटो निर्माण सम्बन्धी काम सम्पन्न गर्न निर्देशन समेत दिनुभयो । यो आयोजना भारतीय सीमामा निर्मित ICP को Mirror Image भएको हुंदा नेपाली पक्षलाई यस ICP मा थप सुविधा विस्तार गर्नुपर्ने भएमा आवश्यकतानुसार थप पूर्वाधारको निर्माण गरी सुविधा विस्तार गर्न समेत अनुरोध गर्नुभयो । छलफल कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा श्रीमान सचिवज्यूले निर्माण कार्य छिटो सम्पन्न गर्न र निर्माण कार्यको गुणस्तर कायम राख्न निर्माण कार्यमा खटिएको टिमलाई अनुरोध गर्नुभयो । यस ICP को निर्माण कार्य सम्पन्न भएपछि विरगंज नाका भएर हुने नेपालको अन्तराष्ट्रिय व्यापार सहज हुनुका साथै अन्तराष्ट्रिय व्यापारमा लाग्ने समय र लागत पनि घटन जाने कुरा औंल्याउनुभयो । वहांले ICP भित्र थप नपुग सुविधाको अध्ययन गरी क्रमश: वार्षिक कार्यक्रममा राख्दै सुविधाको विस्तार गरिने विषय समेत प्रष्ट पार्नुभयो । श्रीमान् सचिवज्यू नेतृत्वको भ्रमण टोलीले विरगंज सुख्खा बन्दरगाहमा नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना मार्फत निर्माणाधिन गोदामघर विस्तार कार्यको समेत अनुगमन गरेको थियो ।



अन्तरक्रिया कार्यक्रममा सहभागि हुंदै श्रीमान सचिवज्यू र नेपालका लागि भारतीय राजदूत महामहिम श्री मन्जीभ सिं पुरी



निर्माण कार्यको अनुगमनको क्रममा भ्रमण टोली



विरगंज सुख्खा बन्दरगाहमा निर्माणाधिन गोदामघरको
अनुगमन गर्दै श्रीमान सचिवज्यू